Received Date: April 2022 Revised: May 2022 Accepted: June 2022

# नेपाली भाषाशिक्षा विषयमा परिमाणात्मक अनुसन्धान

**कुश्मिला आचार्य**
नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँ नेपाल
Email : acharyakusmila@gmail.com

**सार**

*प्रस्तुत आलेख नेपाली भाषाशिक्षा विषयमा परिमाणात्मक अनुसन्धान विषयमा केन्द्रित रहेको छ र यही मूल समस्याको समाधानतिर यो आलेख अभिमुख छ । यस अनुसन्धान कार्यमा नेपाली भाषाशिक्षा विषयमा केन्द्रित रहेर गरिने परिमाणात्मक अनुसन्धानका क्षेत्रहरू पहिचान गरिएको छ । परिमाणात्मक अनुसन्धानको माध्यमबाट नेपाली भाषा, पाठ्यक्रम, नेपाली भाषापाठ्यपुस्तक, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, शब्दभण्डार, व्याकरण शिक्षण, भाषिक क्षमता, सङ्कथन विश्लेषण आदि क्षेत्रसँग सम्बन्धित भएर अनुसन्धानात्मक कार्य गर्न सकिन्छ । यस अनुसन्धान कार्य गर्नका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरी गुणात्मक विधिको सहयोग लिएर विश्लेषण गरिएको छ । परिमाणात्मक अनुसन्धानमा आधारित भई नेपाली भाषाशिक्षा विषयमा सङ्ख्यात्मक रूपमा प्राप्त तथ्याङ्क प्रयोगात्मक, मिश्रित प्रयोगात्मक, सर्भे, संरचित अवलोकन / अन्तवर्ता / प्रश्नावली आदि विधिका रूपमा प्राप्त गर्न सकिन्छ । नेपाली भाषाशिक्षा विषयमा यस परिमाणात्मक अनुसन्धानको यथोचित प्रयोग गरेर तथ्याङ्कको विश्लेषण गरी नेपाली भाषाशिक्षा विषयमा नयाँ तथ्य पत्ता लगाउनुका साथै भएका ज्ञानको पुनव्र्याख्या गर्न महत्वपूर्ण योगदान पुग्ने निष्कर्ष निकालिएको छ । नेपाली भाषाशिक्षा विषयमा परिमाणात्मक अनुसन्धान गर्न चाहने अध्येताहरूका लागि यो सामग्री कोसेढुङ्गोको रूपमा रहने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जी**: गणितीय चरहरू, नेपाली भाषाशिक्षा, तथ्याङ्क विश्लेषण ।

## विषयप्रवेश

कुनै पनि विषयसँग सम्बन्धित नयाँ कुराको खोजी गर्ने कार्य अनुसन्धान हो । अनुसन्धान भनेको व्यवस्थित एवम् तर्कसङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउनु र पुरानै तथ्यको परीक्षण र पुनव्र्याख्या गर्नु पनि हो (बन्धु, २०७०, पृ. १) । अनुसन्धानको पर्यायवाची शब्दका रूपमा शोध, अन्वेषण, गवेषण, खोज, खोजी, सोधखोज (भण्डारी र अन्य, २०६८, पृ. १), गवेषण, Research, Thesis, Dissertation जस्ता शब्दहरू प्रयोग गरिएका हुन्छन् । अनुसन्धानले सामान्यतः निरीक्षण, सर्वेक्षण, परीक्षण, अध्ययन–विश्लेषण आदिद्वारा सत्यको खोजी गर्ने भन्ने अर्थ बुझाउँदछ ।

‘अनु+सम्+धा+अन’ मिलेर अनुसन्धान शब्दको निर्माण भएको हो । यसको वास्तविक अर्थ कनै विचार वा धारणाका सम्बन्धमा ‘राम्ररी खोजी’ गर्नु हो (भट्टराई, २०६८ पृ. १) । अनुको अर्थ पछिपछि लाग्नु, नजिक (समीप) जानु, फेरिफेरि (पुनरावृत्ति) गर्नु तथा सन्धानको अर्थ राम्ररी खोजी गर्नु पत्ता लगाउनु, अन्वेषण गर्न भन्ने हुन्छ । माथिको व्युत्पत्तिका आधारमा अनुसन्धानको शाब्दिक अर्थ कुनै समस्या वा विषयको पछि लागेर त्यसमा केन्द्रित भएर राम्ररी खोजी गर्नु वा पत्ता लगाउनु हुन्छ (शर्मा र लुइटेल, २०६६, पृ. १) । अनुसन्धान सम्बन्धित विषय क्षेत्रको रिक्तताको परिपूर्ति वा पुनर्व्याख्याका लागि आवश्यक हुन्छ ।

अनुसन्धान औपचारिक रूपमा गरिने नियन्त्रित खोजमूलक कार्य हो । यो व्यवस्थित, वैज्ञानिक, प्रमाणिक, आधिकारिक हुन्छ । यो पुरानो ज्ञानको आधारशिलामा उभिएर नयाँ सिद्धान्त, तर्कसम्मत, प्रमाणिक र विश्वसनीयताको कसीमा खारिएको अध्ययन हो । यस किसिमको अध्ययन बढो सावधानी, धैर्यपूर्वक तथा व्यवस्थित किसिमबाट सम्पन्न गरिने भएकाले सम्बन्धित विषयमा मौलिक योगदान प्राप्त हुन्छ । त्यसैले यो शोधार्थी वा अनुसन्धाताद्वारा गरिने बौद्धिक र प्राज्ञिक कार्य हो । यसको प्रस्तुति औपचारिक प्रतिवेदनका रूपमा गरिन्छ ।

अनुसन्धान कार्य आफैँमा प्राज्ञिक कार्य हो । नेपाली भाषाशिक्षा विषयमा गुणात्मक र परिमाणात्मक रूपमा अनुसन्धान गर्न सकिन्छ । परिमाणात्मक अनुसन्धानमा प्राप्त चरहरू (Variables) को परिमाणात्मक वा सङ्ख्यात्मक तथ्याङ्कको रूपमा प्राप्त गरी गणितीय वा तथ्याङ्कशास्त्रीय विधिबाट निष्कर्षमा पुग्ने कार्य गरिन्छ । प्रस्तुत आलेखमा परिमाणात्मक अनुसन्धानसँग सम्बन्धित पक्षहरूलाई मात्र विश्लेष्य विषय बनाइएको छ ।

**अनुसन्धानको उद्देश्य**

नेपाली भाषाशिक्षा विषयमा परिमाणात्मक अनुसन्धान शीर्षकमा गरिएको यस अनुसन्धान कार्यको मुख्य उद्देश्य अनुसन्धान कार्यमा नेपाली भाषाशिक्षा विषयमा केन्द्रित रहेर गरिने परिमाणात्मक अनुसन्धानका क्षेत्रहरू पहिचान गर्नु रहेको छ । विशेषतः परिमाणात्मक अनुसन्धानसँग नेपाली भाषाशिक्षा विषयको सम्बन्ध स्पष्ट पार्ने कार्यमा गुणात्मक अनुसन्धान विधिको उपयोग गरी यस आलेख सम्पन्न गरिएको छ ।

**अनुसन्धान विधि**

नेपाली भाषाशिक्षा विषयमा परिमाणात्मक अनुसन्धान शीर्षकमा गरिएको यस अनुसन्धान कार्यमा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । पुस्तकालयमा प्राप्त सन्दर्भ पुस्तक, पत्रपत्रिका, लेखरचना, पाठ्यक्रम, जर्नल, वेभसाइट आदिका आधारमा प्राप्त सामग्रीहरूलाई विश्लेषण गरी यो अनुसन्धानात्मक लेख तयार पारिएको छ । विशेषतः परिमाणात्मक अनुसन्धानसँग नेपाली भाषाशिक्षा विषयको सम्बन्ध स्पष्ट पार्ने कार्यमा गुणात्मक अनुसन्धान विधिको सहयोग लिई यस अनुसन्धानात्मक कार्यलाई सम्पन्न गरिएको छ ।

**सैद्धान्तिक तथा अवधारणात्मक ढाँचा**

प्रस्तुत आलेखको मुख्य सैद्धान्तिक अवधारणा परिमाणात्मक अनुसन्धान हो । अनुसन्धानको क्रममा अध्ययन गरिने चरहरूको परिमाणलाई प्रत्यक्ष रूपमा मापन गरी प्राप्त सङ्ख्यात्मक तथ्याङ्क (Numerical data)लाई गणितीय अथवा तथ्याङ्कशास्त्रीय विश्लेषणका विधिद्वारा निष्कर्षमा पुगिने अनुसन्धानलाई परिमाणात्मक अनुसन्धान (Quantitative research)भनिन्छ (खनाल, २०७०, पृ. ७०) । निश्चित तथ्याङ्कशास्त्रीय गणितीय विधिका आधारमा सङ्कलन गरिएको सङ्ख्यात्मक तथ्याङ्कका घटना विवरणहरू (Phenomena) को व्याख्या गरी विश्लेषण गर्नु परिमाणात्मक अनुसन्धान हो (मुजिस, २००४, पृ. १) । यस अनुसन्धानमा सूचनालाई गणितीय अङ्क प्रदान गरिन्छ । यसमा सामाजिक समस्या, प्रक्रिया वा घटनालाई परिमाणात्मक चरहरू (Variables) को रूपमा तुलनात्मक तरिकाले प्रस्तुत गरिन्छ । परिमाणात्मक अनुसन्धानमा तथ्याङ्क विश्लेषण निगमन विधि (Deductive method)को प्रयोग गरेर गरिन्छ । अनुसन्धानको चरहरूलाई आवश्यकता अनुसार नियन्त्रण तथा परीक्षण गरी कारण र प्रभावको सम्बन्धको अध्ययन गरिन्छ । प्रमाणित परीक्षण, रेटिङ स्केल, बन्द प्रश्नावली, संरचित बन्द अन्तर्वार्ता आदिजस्ता सावधानीपूर्वक निर्माण गरिएका मापनका साधनहरू परिमाणात्मक अनुसन्धानमा बढी प्रयोग गरिन्छ ।

गणितीय (Mathematical) ढाँचा अवलम्बन गरी परिमाणात्मक अनुसन्धान गरिने हुँदा प्राप्त गणितीय गणना साथै आफ्नो अनुसन्धानको परिकल्पना (Hypothesis) को अध्ययन र परीक्षण गरी परिणाम निकाल्ने कार्य गरिन्छ । विशेषतः यो गणित, वाणिज्य, व्यापार, बैंक, सहकारी, विज्ञान जस्ता विषयमा बढी उपयोगी भए पनि यसलाई नेपाली भाषाशिक्षा विषयसँग सम्बन्धित गरेर अनुसन्धान गर्न पनि उपयोगी मानिन्छ । अनुसन्धानको तह जुनसुकै भए तापनि परिमाणात्मक अनुसन्धानलाई प्रयोगजन्य (Experimental) वा सर्वे (Survey) का आधारमा अनुसन्धान कार्य गरिन्छ । यदि चर (Variables) लाई सञ्चालन र नियन्त्रण गरिन्छ भने त्यो प्रयोगजन्य (Experimental) हुन्छ । त्यस्तै चरहरूको सञ्चालन र नियन्त्रण विना नै अनुसन्धान कार्य अगाडि बढाइन्छ भने त्यो सबै (Survey)मा आधारित हुन्छ (पौडेल र पण्डित, २०६८, पृ. ५४) । त्यसैले परिमाणात्मक अनुसन्धान व्यवस्थित र वैज्ञानिक अनुसन्धान हो ।

संयोगमा आधारित नमुना छनोट (Random Sampling) विधिद्वारा नमुनाहरूको छनोटबाट अध्ययन र अनुसन्धान पूरा गरी परिमाणात्मक अनुसन्धान गर्ने गरिन्छ । यसबाट प्राप्त निष्कर्षलाई ठूलो समूहको जनसङ्ख्यामा सामान्यीकरण गर्न सकिन्छ । अनुसन्धानको प्राप्त निष्कर्षको विश्वसनीयतालाई जाँच्न आन्तरिक वैधता (Internal validity),बाह्य वैधता (External validity),विश्वसनीयता (Reliability) र वस्तुपरकता (Objectivity) लाई आधारको रूपमा लिइन्छ । यसरी परिमाणात्मक अनुसन्धानको यस्ता पक्षहरूलाई प्रस्तुत लेखको सैद्धान्तिक ढाँचाको रूपमा उपयोग गरिएको छ ।

प्रस्तुत अनुसन्धानमूलक लेखमा परिमाणात्मक अनुसन्धानलाई नेपाली भाषाशिक्षणका क्षेत्रहरू नेपाली भाषा, भाषापाठ्यक्रम, नेपाली भाषापाठ्यपुस्तक, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, शब्दभण्डार, व्याकरण शिक्षण, भाषिक क्षमता, सङ्कथन विश्लेषण, भाषिक मूल्याङ्कन र परीक्षण, भाषाको क्षेत्रीय भेद आदिसँग सम्बन्धित गरेर देखाउने कार्यलाई नै अवधारणात्मक ढाँचाको रूपमा लिइएको छ ।

**भाषिक अनुसन्धान**

भाषासँग सम्बन्धित भएर गरिने अनुसन्धान नै भाषिक अनुसन्धान हो । यसले भाषासम्बन्धी नयाँ नयाँ तथ्यको खोजी गर्ने कार्य गर्दछ । भाषाको इतिहास, भाषिक प्रयोग, भाषिक सिद्धान्त, भाषिक मूल्याङ्कन, भाषिक सिप, भाषाको उत्पत्ति, भाषाको उपयोगिता, शिक्षण विधि र प्रविधि, भाषा र भाषिकाहरूको अवस्था, वाचनकला, लेखनकला, त्रुटि विश्लेषण, व्यतिरेकी विश्लेषण, शैलीविज्ञान, वर्णविन्यास, भाषा शिक्षणसम्बन्धी विविध पक्षहरूको वस्तुपरक, वैज्ञानिक रूपमा गरिने अध्ययन नै भाषिक अनुसन्धान हो । यसको अध्ययनबाट भाषा र भाषा शिक्षणको विविध क्षेत्रहरूमा नयाँ ज्ञान तथा भएको ज्ञानलाई पुनर्व्याख्या गरी अध्ययन विश्लेषण गरी निष्कर्ष पुग्न सहयोग पुग्दछ ।

**अनुसन्धानका प्रकारहरू**

ज्ञान आर्जनका पाँच प्रक्रियाहरू अनुभव, आप्तवाक्य, निगमन, आगमन र अनुसन्धानमध्ये अनुसन्धान चाहिँ सर्वोत्तम प्रक्रिया हो । अनुसन्धानले विश्व ब्रह्माण्डको सम्पूर्ण विषयहरूको बारेमा अध्ययन र विश्लेषण गर्दछ । अनुसन्धानलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- विषयका आधारमा भाषा, साहित्य, दर्शन, विज्ञान, शिक्षा, मनोविज्ञान र समाज
- समयका आधारमा ऐतिहासिक र समकालीन
- अनुसन्धाताका आधारमा व्यक्तिगत र सामूहिक
- स्थलका आधारमा पुस्तकालयीय, प्रयोगशाला र भौगोलिक क्षेत्र

- तर्कपद्धतिका आधारमा निगमन र आगमन
- लक्ष्यका आधारमा सैद्धान्तिक र प्रायोगिक
- प्रयोजनका आधारमा शैक्षिक र परियोजनमूलक
- कार्यप्रकृतिका आधारमा कार्यपरक, आधारभूत, धारणात्मक, व्यावहारिक र प्रयोगात्मक
- तथ्य / तथ्याङ्कीय आधारमा परिमाणात्मक र गुणात्मक

माथि उल्लिखित अनुसन्धानका प्रकारहरू मध्ये यहाँ तथ्याङ्कीय आधार अन्तर्गत पर्ने परिमाणात्मक अनुसन्धान (Quantitative Research)लाई नेपाली भाषाशिक्षणका विषयवस्तुसँग तुलना गरेर अध्ययन गरिन्छ । यस लेखमा नेपाली भाषाशिक्षणमा परिमाणात्मक अनुसन्धानको उपस्थितिलाई विविध कोणबाट विश्लेषण गरिएको छ ।

**छलफल र परिणाम**

प्रस्तुत अनुसन्धानमूलक लेखको छलफल र परिणामलाई निम्नानुसार उल्लेख गरिएको छ :

**नेपाली भाषाशिक्षा विषयसँग सम्बन्धित परिमाणात्मक अनुसन्धानको क्षेत्र**

नेपाली भाषाशिक्षा विषय वर्तमान परिवेशमा व्यापक र स्तरीय बनेको छ । यसले विद्यालयदेखि विश्वविद्यालयसम्म आफ्नो पहुँच र क्षेत्र विस्तार गरिसकेको छ । यस विषयसँग सम्बन्धित भएर परिमाणात्मक अनुसन्धान गर्न सकिने पर्याप्त आधारहरू छन् । परिमाणात्मक अनुसन्धानको माध्यमबाट नेपाली भाषा पाठ्यक्रम, नेपाली भाषा पाठ्यपुस्तक, व्यतिरेकी विश्लेषण, त्रुटिविश्लेषण, शब्दभण्डार, व्याकरण शिक्षण, भाषिक क्षमता, सङ्कथन विश्लेषण आदि क्षेत्रसँग सम्बन्धित भएर अनुसन्धानमूलक कार्य गर्न सकिन्छ ।

**(क)नेपाली भाषा पाठ्यक्रम**

नेपाली भाषाशिक्षाको विशिष्ट क्षेत्रको रूपमा नेपाली भाषा पाठ्यक्रम रहेको हुन्छ । शिक्षणका विभिन्न उद्देश्य पूर्तिका लागि बनाइएको विद्यालय भित्र र बाहिरको शैक्षिक कार्यक्रम नै पाठ्यक्रम हो । नेपालमा रहेका सामुदायिक र संस्थागत विद्यालय र विश्वविद्यालयमा पाठ्यक्रमको प्रयोग गर्ने शिक्षक र विद्यार्थीको सङ्ख्या निकाली अध्ययन विश्लेषण गरेर परिमाणात्मक अध्ययन गर्न सकिन्छ । भाषा पाठ्यक्रम २०६४ र २०७४ मा राखिएका उद्देश्य, विधि, संरचना, पाठ सङ्ख्या आदिको तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

**(ख) नेपाली भाषा पाठ्यपुस्तक**

भाषा पाठ्यक्रमको लक्ष्य पूरा गराउने उद्देश्यले तयार पारिएका शैक्षिक सामग्रीलाई भाषा पाठ्यपुस्तक भनिन्छ । शिक्षार्थी, शिक्षक, पाठ्यक्रम विशेषज्ञ सबैलाई पाठ्यपुस्तक महत्वपूर्ण शैक्षिक सामग्री बनेको छ । सरकारी स्तर र निजी स्तरका प्रकाशन गृहबाट प्रकाशित नेपाली भाषाका पाठ्यपुस्तकहरूको प्रयोगको अवस्था पत्ता लगाउन परिमाणात्मक रूपमा अनुसन्धान गर्न सकिन्छ । भाषा पाठ्यपुस्तक प्रयोगबाट विद्यार्थी तथा शिक्षकहरू सन्तुष्ट रहे–नरहेको तथ्यलाई प्रश्नावली फारम भरेर आएको सामग्रीलाई सङ्ख्यात्मक रूपमा विश्लेषण गरेर अध्ययन गर्न सकिन्छ ।

**(ग) नेपाली भाषा र नेपालका भाषाहरूको व्यतिरेकी विश्लेषण**

दुई वा दुईभन्दा बढी भाषामा पाइने भिन्नताको अध्ययन तथा विश्लेषण नै व्यतिरेकी विश्लेषण हो । नेपाल बहुभाषिक देश भएकाले यहाँ भारोपेली, भोट बर्मेली, द्रविड र आग्नेय चार परिवारका भाषा बोलिन्छन् । नेपाली भाषासँग गुरुङ, मगर, नेवार, तामाङ, मैथिली, थारु, राई आदि भाषाका वर्ण, शब्द, वाक्य व्यवस्था, व्याकरण व्यवस्था, ध्वनि व्यवस्था आदिमा के–कति समान वा असमान छन् ? भनी परिमाणात्मक तवरले अनुसन्धान गर्न सकिन्छ । नेपाली भाषा र नेपालका अन्य भाषाहरूको

विविध पक्षहरूलाई टि टेस्ट, काइ स्क्वायर टेस्ट, बाइ भेराइट, मल्टि भेराइट आदिबाट विश्लेषण गरी अध्ययन गर्न सक्नु यसको महत्वपूर्ण क्षेत्र हो।

**(घ) सङ्कथन वा पाठहरूको विश्लेषण**

एउटा विषयमा अभिव्यक्त गरिएको समग्र कथन नै सङ्कथन हो। यसमा सम्बद्धक र सम्बद्धन पर्दछन्। त्यसैगरी कोशीय संसक्ति र व्याकरणात्मक संसक्तिलाई परिमाणात्मक अध्ययनको विषय बनाउन सकिन्छ। स्वतन्त्र साहित्यिक रचना, पाठ्यपुस्तक र पाठहरूको लैङ्गिक र जातीय प्रभावका दृष्टिले परिमाणात्मक रूपमा अध्ययन गर्न सकिन्छ।

**(ङ) शब्दभण्डार शिक्षण**

भाषा शिक्षणमा शब्दभण्डारको महत्वपूर्ण भूमिका रहन्छ। शब्दभण्डार भाषिक अभिव्यक्तिको जग हो। भाषा पाठ्यपुस्तकमा पहिचानात्मक र उत्पादनात्मक शब्दहरूको प्रयोगको अवस्थालाई परिमाणात्मक रूपमा अध्ययन गर्न सकिन्छ। तत्सम तद्भव र आगन्तुक शब्दको पाठमा प्रयोगको सङ्ख्यात्मक अवस्थाको अध्ययन गर्न सकिन्छ। विभिन्न भाषामा रहेका शब्द र शब्दहरूको स्थितिलाई सङ्ख्यात्मक रूपमा अध्ययन गर्न सकिन्छ।

**(च) भाषिक उपलब्धि तथा मूल्याङ्कन**

भाषिक उपलब्धिको लेखाजोखालाई भाषिक मूल्याङ्कन भनिन्छ। यसमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिपको उपलब्धिको अवस्थाको परीक्षण गर्ने काम हुन्छ। भाषिक मूल्याङ्कन गर्न देशभरिका विद्यालय र विश्वविद्यालयमा शिक्षक निर्मित प्रश्न, स्तरीकृत प्रश्न प्रयोगको अवस्थालाई सङ्ख्यात्मक रूपमा निकाली परिमाणात्मक अनुसन्धान गर्न सकिन्छ। विद्यार्थीहरूले कक्षामा प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गर्न सकिन्छ।

**(छ) शिक्षण विधि**

भाषा पाठ्यक्रमअनुरूप निर्माण भएका पाठ्यपुस्तकका पाठहरू शिक्षण गर्ने निश्चित विधिहरू हुन्छन्। परिमाणात्मक अनुसन्धानका आधारमा सामुदायिक र संस्थागत विद्यालयले नेपाली भाषा शिक्षण गर्दा प्रयोग गर्ने विधिहरूको प्रयोगको अवस्थाको तुलनात्मक अध्ययन गर्न सकिन्छ। शिक्षकले आफूले प्रयोग गरेको शिक्षण विधिमा कति सन्तुष्ट छ, विद्यार्थीको सन्तुष्टिको तह कस्तो रहेको छ, यसको प्रभावकारिता कस्तो रहेको छ भनेर परिमाणात्मक रूपमा अध्ययन गर्न सकिन्छ।

**(ज) व्याकरण तथा साहित्य शिक्षणको अध्ययन**

भाषाको महत्वपूर्ण मेरुदण्डका रूपमा रहेको व्याकरणले भाषालाई व्यवस्थित, परिष्कृत, सबल, शुद्ध र सुसम्प्रेषणीय बनाउँछ। नेपालको विद्यालय तहमा व्याकरण र साहित्यलाई अलग्गै अध्ययन अध्यापन गराउने विद्यालयको सङ्ख्या निकाली परिमाणात्मक अनुसन्धान गर्न सकिन्छ। पदवर्ग (नाम, सर्वनाम, विशेषण, क्रियापद) को प्रयोगको सङ्ख्यात्मक अवस्था अध्ययन गर्न पनि सकिन्छ। नेपाली भाषा शिक्षणमा बालसाहित्यको उपयोगको अवस्था, साहित्य र व्याकरणको सम्बन्ध, साहित्य र भाषा शिक्षणको सम्बन्ध आदि विषयको सेरोफेरोमा रहेर परिमाणात्मक अध्ययन गर्न सकिन्छ।

**(झ) विभिन्न भाषा भाषीहरूमा पाइने त्रुटिहरूको अध्ययन**

शिक्षण सिकाइ कार्यमा स्वाभाविक प्रक्रियाका रूपमा रहेको त्रुटिको अध्ययनले भाषा सिकाइमा सुधार ल्याउन प्रभावकारी भूमिका निर्वाह गर्दछ। विद्यार्थीहरूले वर्णविन्यास, उच्चारण, वाक्यगठन, पद सङ्गति, अनुच्छेद लेखन जस्ता क्षेत्रमा त्रुटि गर्न सक्छन् (निउरे र घिमिरे, २०७० पृ. १४)। यी क्षेत्रहरू अनुसन्धेय समस्याका रूपमा रहेका हुन्छन्। नेपाली भाषा सिक्ने गुरुङ, नेवार, तामाङ, मैथिली, शेर्पा आदि भाषी विद्यार्थीहरूले कति प्रतिशत त्रुटि कुन क्षेत्रसँग गर्दछ भनी परिमाणात्मक तरिकाले अनुसन्धान कार्य अगाडि बढाउन सकिन्छ।

**(ञ) नेपालीका भाषिका, उपभाषिका र स्थानीय भेदहरूको अध्ययन**

नेपालमा पूर्वेली, माझाली, ओरपश्चिमा, मझपश्चिमा र परपश्चिमा गरी ५ वटा भाषिकाहरू रहेका छन् । यी भाषिका पनि विभिन्न उपभाषिका र सूक्ष्म रूपमा स्थानीय भेदहरू रहेका छन् । नेपालमा रहेका पी भाषिका, उपभाषिका र स्थानीय भेदको प्रयोग गर्ने जनसङ्ख्याको सङ्ख्यात्मक सर्भे विधिका माध्यमबाट गणना गरेर परिमाणात्मक अनुसन्धान गर्न सकिने पर्याप्त आधारहरू छन् । नेपालको सम्पूर्ण भाषिकालाई राष्ट्र भाषाको मान्यता दिइएको वर्तमान परिवेशमा भाषिक जीवन्तताका लागि यो अध्ययन महत्वपूर्ण हुन्छ ।

यसरी नेपाली भाषा शिक्षणको क्षेत्र व्यापक रहेको छ । कोशविज्ञान, कोड मिश्रण, मनोभाषाविज्ञान, समाजभाषाविज्ञान, लैङ्गिकता, मातृभाषा, स्थानीय पाठ्यक्रम, साहित्यिक र साहित्येतर विधाको भाषा शिक्षणसँगको सम्बन्ध, बालभाषा, कक्षाकोठा व्यवस्थापन आदि विविध क्षेत्रसँग सम्बन्धित भएर पनि परिमाणात्मक अनुसन्धान गर्न सकिन्छ । यसको लागि शोधकर्ताले विशेष सावधानी अपनाएर अनुसन्धान कार्य गर्नु आवश्यक छ । जसले गर्दा परिमाणात्मक अनुसन्धानलाई तथ्यपरक, व्यवस्थित र वैज्ञानिक बनाउन सहयोग हुन्छ ।

**निष्कर्ष**

प्रस्तुत अनुसन्धानमूलक लेखले नेपाली भाषाशिक्षणमा परिमाणात्मक अनुसन्धानको सम्बन्धलाई स्पष्ट पार्ने जमर्को गरेको छ । परिमाणात्मक अनुसन्धानका मुख्य उद्देश्य सम्बन्ध, कारण र प्रभावको अध्ययन गर्नु हो । यसले अध्ययन पूर्व नै तयार गरिएको ढाँचाको प्रयोग गरी निगमन (deductive)सिद्धान्तको परीक्षण गर्दछ । प्रमाणिक औजारहरू र ठूला नमुनाहरू प्रयोग गरी साङ्ख्यिक तथ्याङ्कका आधारमा तथ्याङ्कशास्त्रीय विश्लेषण गर्दछ । यसमा अनुसन्धानको भूमिका परोक्ष (Distant),अल्पकालीन (Short–term)र विच्छेद (Detached)हुन्छ । यसले सङ्ख्यात्मक तथ्याङ्कका आधारमा प्रयोगात्मक, मिश्रित प्रयोगात्मक, सर्भे, संरचित अवलोकन /अन्तर्वार्ता / प्रश्नावली आदि विधिको प्रयोग गर्दछ । यी पक्षहरूसँग समन्वय गरेर परिमाणात्मक अनुसन्धान गरिनु पर्ने निचोडमा पुग्न सकिन्छ ।

नेपाली भाषाशिक्षा विषयमा यस परिमाणात्मक अनुसन्धानको यथोचित प्रयोग गरेर तथ्याङ्कको विश्लेषण गरी निष्कर्षमा पुग्न सकिन्छ । यसबाट नेपाली भाषाशिक्षा विषयमा नयाँ तथ्य पत्ता लगाउनुका साथै भएका ज्ञानको पुनर्व्याख्या गर्न महत्वपूर्ण योगदान पुग्दछ भन्ने निष्कर्ष निकालिएको छ । नेपाली भाषा पाठ्यक्रम, नेपाली भाषा पाठ्यपुस्तक, व्यतिरेकी विश्लेषण, त्रुटिविश्लेषण, शब्दभण्डार, व्याकरण शिक्षण, भाषिक क्षमता, सङ्कथन विश्लेषण, मूल्याङ्कन र परीक्षण आदि क्षेत्रसँग सम्बन्धित भएर परिमाणात्मक अनुसन्धान कार्य गर्न सकिने निक्र्योल यस लेखले गरेको छ ।

**सन्दर्भसूची**

क्रेसल, जोन डब्लु (२०१५), *एजुकेसनल रिसर्च*, दिल्ली : पियर्सन एजुकेसन ।

खनाल, पेशल (२०७०), *शैक्षिक अनुसन्धान पद्धति*, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्य–सिद्धान्त*: शोध तथा सिर्जना विधि, काठमाडौँ : पाठ्यसामग्री पसल ।

दाहाल, दुर्गाप्रसाद र निरौला, कृष्णप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि*, काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

नकर्मी, सुदीप सिंह र ओझा, नेत्रकुमार (२०७४), *समाजशास्त्रमा सङ्ख्यात्मक अनुसन्धान विधिहरू*, काठमाडौँ : दिव्य देउराली प्रकाशन ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७०), *भाषिक अनुसन्धान विधि*, काठमाडौँ : सनसाइन पब्लिकेसन ।

पौडेल, राजेन्द्रप्रसाद र पण्डित, सि.एन. (२०६८), *आधुनिक अनुसन्धान पद्धति*, *लेखन तथा मूल्याङ्कन*, काठमाडौँ : प्रज्ञा प्रकाशन ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन*, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि*, काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि, ओझा, रामनाथ र अर्याल, डोलराज (२०६८), *भाषिक अनुसन्धान विधि*, काठमाडौँ : पिनाकल पब्लिकेसन ।

मुजिस, ड्यानियल (२००४), *डुइङ क्वान्टिटेटिभ रिसर्च*, नयाँ दिल्ली : सेज पब्लिकेसन ।

लामिछाने, कपिल (२०७४), *गणित शिक्षामा गुणात्मक अनुसन्धान विधि*, काठमाडौँ : सनसाइन पब्लिकेसन ।